# आर्थिक मामिला तथा योजना मन्त्रालय सँग सम्बन्धित सार्वजनिक विवरण

प्रदेश सुचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५(२) को प्रयोजनार्थ
(२०७८ चैत्र देखि २०७९ असार मसान्त सम्म)




बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
श्रावण, २०७९

## १. मन्त्रालयको संक्षिप्त परिचय

### क. पृष्ठभुमिः

नेपालको संविधानको भाग १३ मा भएको प्रदेश कार्यपालिकाको व्यवस्था बमोजिम मिति २०७४ साल माघ २८ गते आर्थिक मामिला तथा योजना मन्त्रालय गठन भई कार्यारम्भ भएको हो। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट , लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको छ।

प्रदेशस्तरको आर्थिक स्थायित्व र मुल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेश स्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरु संचालन व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो। यस मन्त्रालयको मातहतमा प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको छ। प्रदेश सरकारको सञ्चित कोषको संचालन गर्ने, आन्तरिक लेखापरीक्षण गर्ने तथा प्रदेशको एकीकृत आर्थिक विवरण तयार गरी तोकिएका निकाय समक्ष पेश गर्ने कार्यका लागि यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयले प्रदेश सरकारलाई प्राप्त आयको लेखा राख्ने, प्रदेश सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने, बागमती प्रदेश भित्रका सरकारी कार्यालयहरुद्धाई स्वीकृत बजेट तथा कार्यक्रम अनुसार रकम निकासा दिने र त्यस्तो निकासा खर्चको लेखा/श्रेस्ताको आन्तरिक लेखापरीक्षण गर्ने र लेखा समूहका कर्मचारीको व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।

### ख. दीर्घकालीन सोचः

- सबल वित्त व्यवस्थापन तथा आर्थिक क्षेत्र व्यवस्थापन मार्फत दिगो, फराकिलो तथा उच्चदरको आर्थिक वृद्धि हासिल गरी प्रदेशको आर्थिक सक्षमता अभिवृद्धि गर्ने।

### ग. उद्देश्यः

- उपलब्ध स्रोत साधनको अधिकतम उपयोग मार्फत आर्थिक तथा सामाजिक विकासमा सघाउ पुऱ्याउने।

### घ. रणनीतिः

- राजश्वका स्रोतहरुको क्षेत्र पहिचान गरि आर्थिक उपलब्धिको न्यायोचित वितरणमार्फत गरिबी निवारण, रोजगारी सिर्जना गर्दै समृद्ध प्रदेश निर्माणमा योगदान पुऱ्याउने।

## २. मन्त्रालयको कार्यजिम्मेवारी:

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले तोके अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्य जिम्मेवारी निम्न रहेको छः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रादेशिक वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन

- प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर
- प्रदेश स्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरुप सहवित्तीयकरण/प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन
- प्रदेश बिनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश संचित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन/प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष व्यवस्था
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकिकृत विवरण र लेखा परीक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर,सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन
- संघीय कानून अनुसार प्रकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तानान्तरण
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- संघसँगको अन्तरसरकारी बित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रदेशिक नीति, कानून, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रबर्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन सुधार र नियमन

## ३. संगठन संरचना तथा स्वीकृत दरबन्दी तेरिज(पदपूर्तीको अवस्था सहित)

### क. संगठन संरचना



### ख. दरबन्दी तेरिज र पदपूर्ति :

| क्र.सं. | पद | सेवा | समूह/उपसमूह | तह/श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ती |
|---|---|---|---|---|---|---|
| १ | सचिव | प्रशासन | | ११ औं | १ | १ |
| २ | उप-सचिव | प्रशासन | सा.प्र. | ९/१० औं | २ | ० |
| ३ | उप-सचिव | प्रशासन | राजश्व | ९/१० औं | २ | २ |
| ४ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | ७/८ औं | ६ | ३ |
| ५ | शाखा अधिकृत | प्रशासन | राजश्व | ७/८ औं | ६ | ५(३ काजमा) |
| ६ | लेखा अधिकृत | प्रशासन | लेखा | ७/८ औं | १ | १ |
| ७ | कानून अधिकृत | न्याय | कानून | ७/८ औं | १ | १ |
| ८ | तथ्याङ्क अधिकृत | आ.यो.तथा.त. | | ७/८ औं | १ | ० |
| ९ | अर्थशास्त्री | विविध | | ७/८ औं | १ | ० |
| १० | कम्प्यूटर इन्जिनियर | विविध | | ७/८ औं | १ | ० |
| ११ | कम्प्यूटर अधिकृत | विविध | | ७/८ औं | १ | १(काजमा) |
| १२ | सहायक/ अधिकृत | प्रशासन | सा.प्र. | ५/६ औं | ३ | १ |
| १३ | सहायक/ अधिकृत | प्रशासन | राजश्व | ५/६ औं | ६ | २ |
| १४ | कम्प्यूटर अपरेटर | विविध | | ५ औं | ३ | ० |
| १५ | सहायक | प्रशासन | सा.प्र. | ४/५ औं | २ | १(काजमा) |
| १६ | सह-लेखापाल | प्रशासन | लेखा | ४/५ औं | १ | १ |
| १७ | ह.स.चा. | इन्जि. | मे./ज.मे. | तह विहीन | ४ | ४ |
| १८ | का.स./स्वीपर/माली/चौकीदार | प्रशासन | सा.प्र. | तह विहीन | ५ | ५ |
| जम्मा | | | | | ४७ | २८ |

## ४.मन्त्रालयबाट प्रदान गरिने सेवा:

| महाशाखा | सम्पादन हुने कार्यहरु |
|---|---|
| प्रशासन महाशाखा | • कर्मचारी प्रशासन सम्बन्धी सङ्गठन, दरबन्दी, पदपूर्ति, पदश्रृजना, खारेज सम्बन्धी प्रकृयागत कार्यहरु सम्बन्धी काम। |

| महाशाखा | सम्पादन हुने कार्यहरु |
|---|---|
| | • मानव संशाधन विकास सम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन सम्बन्धी काम।<br>• मन्त्रालयको आन्तरिक सुरक्षा एवम् आन्तरिक व्यवस्थापन सम्बन्धी काम ।<br>• अभिलेख तथा विद्युतीय शासन सम्बन्धी काम ।<br>• अर्थ मन्त्रालय, सङ्घीय सरकारका मन्त्रालयहरु, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्पर्क र समन्वय गर्ने काम।<br>• मन्त्रालयको आन्तरिक व्यवस्थापन, जनशक्तिको प्रक्षेपण तथा परिचालन गर्ने।<br>• मन्त्रालयका कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू गर्ने।<br>• मन्त्रालय अन्तर्गतको संगठन संरचना पुनरावलोकन सम्बन्धी कार्य गर्ने।<br>• प्रदेशका लेखा समूहका कर्मचारीहरूको पदस्थापन र सरूवा सम्बन्धी कार्यहरू गर्ने।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायहरूको सम्पर्क विन्दुको रूपमा कार्य गर्ने।<br>• जिन्सी व्यवस्थापन, आर्थिक प्रशासन सञ्चालन सम्बन्धी कार्य गर्ने।<br>• मन्त्रालयको लागि आवश्यक पर्ने वस्तु तथा सेवाको खरिदको लागि वार्षिक खरिद योजना बनाई कार्यान्वयन गर्ने।<br>• सम्पत्तिको व्यवस्थापन - यस मन्त्रालय र अन्तर्गतका निकायहरूको समेत चल अचल सम्पत्तिको अद्यावधिक विवरण तयार गरी व्यवस्थापन गर्ने, गराउने।<br>• बेरुजु फछ्यौटको वार्षिक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने।<br>• केन्द्रीय आर्थिक विवरण तयार गर्ने।<br>• मन्त्रालयको कार्यक्रम र बजेटको उच्च प्रतिफल सहित कार्यान्वयन गर्ने।<br>• मन्त्रालयको अन्तर महाशाखागत , अन्तरशाखागत समन्वय, सहकार्य स्थापित गर्ने<br>• वित्तीय क्षेत्रका ऐन र नियमहरूको मस्यौदा तयार गर्ने तथा कानूनी विषयमा मन्त्रालयका अन्य महाशाखा तथा निकायबाट आएका निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गर्न सहयोग गर्ने ।<br>• मन्त्रालय तथा अन्तर्गतका कार्यालयलाई कानूनी राय-सल्लाह प्रदान गर्ने ।<br>• अदालतको फैसला कार्यान्वयन गर्ने/गराउने।<br>• मन्त्रालयलाई विपक्षी बनाई दायर भएका मुद्दाहरूको लिखित जवाफ तथा प्रतिउत्तर पत्र तयार गर्ने। |

| महाशाखा | सम्पादन हुने कार्यहरु |
|---|---|
| | • प्रदेश राजपत्रमा मन्त्रालयको तर्फबाट प्रकाशित गर्नुपर्ने सूचनाहरूको मस्यौदा तयार गर्ने र त्यस्तो सूचनाको सम्पादन तथा प्रकाशन गर्ने। |
| वित्त व्यवस्थापन महाशाखा | • प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा कार्यान्वयन र नियमन सम्बन्धी कार्य।<br>• राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानू तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य ।<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य ।<br>• आर्थिक विधेयकको मस्यौदा तयार गर्ने।<br>• आर्थिक ऐनमा उल्लेखित राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने गराउने।<br>• विषयगत मन्त्रालयहरू बीच समन्वय स्थापना गरी प्रदेशको राजस्व संकलन सम्बन्धि कार्यलाई व्यवस्थापन गर्ने गराउने।<br>• प्रदेश भित्रका स्थानीयतहरूबाट बाँडफाँट भई प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने राजस्वको विवरण अद्यावधिक गर्ने ।<br>• राजस्व सङ्कलनको अवस्थाको प्रक्षेपण, अनुगमन गरी राजस्व संकलनको तथ्याङ्क अद्यावधिक गर्ने ।<br>• संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण सम्बन्धी कार्य ।<br>• राजस्व संकलनको अद्यावधिक समीक्षा र विश्लेषण गरी राजस्व सङ्कलन अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गर्ने।<br>• राजस्व छुट सुविधा तथा सहमति सम्बन्धमा निर्णय दिने।<br>• राजस्वसँग सम्बन्धित विषयमा राय प्रदान गर्ने।<br>• राजस्व सम्बन्धी विषयमा प्रदेश सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने ।<br>• प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा गर्ने।<br>• राजस्व सम्बन्धि प्रादेशिक ऐन/नियमलाई समायसापक्ष रूपमा अद्यावधिक गर्ने/गराउने सम्बन्धि कार्य। |

| महाशाखा | सम्पादन हुने कार्यहरु |
|---|---|
| | • राजस्व फिर्ता सम्बन्धी कार्य गर्ने ।<br>• प्रदेशको स्रोत अनुमान तथा राजस्व परामर्श समिति सम्बन्धि कार्य गर्ने ।<br>• संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन सम्बन्धी कार्य ।<br>• नेपाल सरकारको विकास सहायता परिचालन सम्बन्धी निति अनुसार प्रदेशको लागि अनुदान सहायता र प्राविधि सहायता प्राप्त गर्न नेपाल सरकार, अर्थ मन्त्रालयसँग सहाकार्य, समन्वय सम्बन्धी कार्य ।<br>• सबै महाशाखा/शाखासँग समन्वय गरी मन्त्रालयका आवश्यक विद्युतीय प्रकाशन तथा डिजाइन सम्बन्धी काम।<br>• विद्युतीय माध्यमबाट अन्य मन्त्रालय तथा कार्यालयहरुसँग सम्पर्क, इमेल व्यवस्थापन, Software Development, Networking, Website Management and Server Management सम्बन्धी कार्य र मन्त्रालयमा प्रयोग हुने सफ्टवेयरहरुमा प्राविधिक सहयोग सम्बन्धी काम। |
| बजेट, योजना तथा कार्यक्रम महाशाखा | • प्रदेशस्तरीय विकास नीति, आर्थिक नीति, र प्राथिमकता अनुरुप वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा र अनगुमन तथा मूल्याङ्कन सम्बन्धी कार्य ।<br>• मन्त्रालय एवम् अन्तर्गत निकायको आवधिक तथा वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धी कार्य ।<br>• विकास आयोजना तर्जुमा सम्बन्धी नीति एवम् निर्देशन निर्माण सम्बन्धि कार्य ।<br>• मध्यमकालीन खर्च संरचना तथा विकास आयोजना परियोजनाहरूको लगानी र खर्च समन्वय सम्बन्धी कार्य ।<br>• प्रदेशस्तरको बजेट नियमन, आन्तरिक नियन्त्रण तथा आर्थिक अनुशासन सम्बन्धि कार्य।<br>• प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी कार्य।<br>• बजेट तर्जुमाको प्रारम्भिक कार्य, सीमा निर्धारण, मन्त्रालय/निकायगत बजेट माग प्राप्त गर्ने, बजेट छलफल तथा प्रदेशको राजस्व र व्ययको अनुमानलाई अन्तिम रूप दिने सम्बन्धी कार्य ।<br>• प्रदेशको राजस्व तथा व्ययको अनुमान प्रदेश सभामा पेश गर्ने र सभाबाट पारित भए पश्चात सोको कार्यान्वयन, सहजिकरण तथा नियमन सम्बन्धि कार्य । |

| महाशाखा | सम्पादन हुने कार्यहरु |
|---|---|
| | • बजेट सीमा मार्गदर्शन तथा बजेट कार्यान्वयन मार्गदशर्न तयार तथा प्रदान सम्बन्धी कार्य ।<br>• प्रदेशको विनियोजन दक्षता तथा वित्तीय सुशासन अभिवृद्धि सम्बन्धि कार्य ।<br>• सबै प्रकारका अनुदानको सदपुयोग, नियमन सम्बन्धि कार्य ।<br>• बजेट रकमान्तर तथा स्रोतान्तर सम्बन्धी कार्य गर्ने ।<br>• विभिन्न मन्त्रालय/निकायबाट माग भई आएको आर्थिक दायित्व सम्बन्धि विषयमा राय/सहमति/परामर्श उपलब्ध गराउने सम्बन्धि कार्य।<br>• बजेट रोक्का वा नियन्त्रण र समर्पण गराउने कार्य।<br>• P-LMBIS व्यवस्थापन सम्बन्धी काम गर्ने।<br>• खर्चको मापदण्ड तयार गर्ने सम्बन्धि कार्य ।<br>• प्रदेश भित्रका स्थानीय तहलाई प्रदान गर्ने वित्तीय हस्तान्तरण सम्बन्धि कार्य ।<br>• प्रदेशको स्वीकृत बजेटको चौमासिक, अर्धवार्षिक, वार्षिक कार्यान्वयन समिक्षा तथा एकीकृत प्रगति विवरण तयार गर्ने सम्बन्धि कार्य ।<br>• वित्तीय हस्तान्तरण अन्तर्गत प्रदान भएका योजना/कार्यक्रमहरूको नियमित रूपमा अनुगमन, मूल्याङ्कन सम्बन्धी कार्य ।<br>• वित्तीय हस्तान्तरण अन्तर्गतका योजना/कार्यक्रम कार्यान्वयन सम्बन्धि कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण सम्बन्धि कार्य ।<br>• प्रदेशको वार्षिक बजेट तथा कार्यक्रमको कार्ययोजना तयार गर्ने ।<br>• संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण सम्बन्धि योजना/कार्यक्रमको कार्यान्वयन सम्बन्धमा तथा बजेट सूचना प्रणालीको सुदृढिकरण सम्बन्धमा नेपाल सरकारसँग वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य सम्बन्धी कार्य ।<br>• योजना, अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा परी आउने अन्य कार्यहरू गर्ने। |
| वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा | • प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य ।<br>• प्रदेशको समष्टिगत आर्थिक अवस्थाको अध्ययन, अनुसन्धान एवं विश्लेषण गर्ने।<br>• समष्टिगत आर्थिक नीतिको प्रभावकारीताको अध्ययन अनुसन्धान गरी आवश्यक नीतिगत पृष्ठपोषण सम्बन्धी कार्य गर्ने ।<br>• विश्व अर्थ व्यवस्थामा भएका परिवर्तनबाट राष्ट्रिय अर्थतन्त्रमा पर्नसक्ने प्रभावको विश्लेषण गर्ने। |

| महाशाखा | सम्पादन हुने कार्यहरु |
|---|---|
| | • प्रदेशको आर्थिक सर्वेक्षण तयार गर्ने।<br>• आवधिक आर्थिक परिसूचकहरू तयार गरी अद्यावधिक गर्ने।<br>• बीमा र बीमा व्यवसायकव सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन सम्बन्धी कार्य ।<br>• प्रदेशस्तरका वित्तीय संस्था, कम्पनी आदिको सञ्चालन, व्यवस्थाप, सुधार र नियमन सम्बन्धी कार्य ।<br>• प्रदेशको सरकारी वित्तीय स्थितिको अध्ययन विश्लेषण गर्ने।<br>• बैंक तथा वित्तीय क्षेत्र, सहकारी संस्था, गैर सरकारी वित्तीय संस्थाहरूहरूले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरूको अध्ययन एवं लेखाजोखा गरी प्रदेशको वित्तीय स्थितिको विकास तथा विस्तारको लागि आवश्यक नीति निर्माणको लागि राय सुझाव दिने।<br>• प्रदेश सरकाले सञ्चालन गर्ने ऋण परिचालन सम्बन्धी कार्यक्रमको लागि नितिगत व्यवस्था गर्ने तथा कार्यको कार्यान्वयन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्ने । |

**सचिवालयहरुः**

## माननीय मन्त्रीको निजी सचिवालय

- माननीय मन्त्रीज्यूको कार्यसूची व्यवस्थित गर्न कार्यहरूको टिपोट गर्ने, अभिलेख राख्ने, माननीय मन्त्रीज्यूलाई जानकारी गराउने ।
- माननीय मन्त्रीज्यूको निर्देशन बमोजिम जनसम्पर्कको कार्य गर्ने ।
- माननीय मन्त्रीज्यूको निर्देशन बमोजिम मन्त्रालयका महाशाखा/शाखा तथा अन्य सम्बन्धित निकायसँग सम्पर्क र समन्वयको कार्य गर्ने ।
- सचिवालयमा प्राप्त कागजातहरूको अभिलेख राखी भए गरेका आदेश बमोजिम सम्बन्धित निकायमा पठाउने।
- माननीय मन्त्रीज्यूका बैठकहरुको उपयुक्त व्यवस्थापन, निर्णय प्रमाणिकरण, बैठकका निर्णय पुस्तिका व्यवस्थापन र सुरक्षा गर्ने ।
- प्रदेश सभामा प्रस्तुत हुने र उठेका विषयहरुका सम्बन्धमा प्राप्त निर्देशन अनुसार गर्ने।

## श्रीमान् सचिवको सचिवालय

- प्रदेश सचिवको कार्यसूची व्यवस्थित गर्न कार्यहरूको टिपोट गर्ने, अभिलेख राख्ने, प्रदेश सचिवलाई जानकारी गराउने ।
- प्रदेश सचिवको निर्देशन बमोजिम जनसम्पर्कको कार्य गर्ने ।
- प्रदेश सचिवको निर्देशन बमोजिम मन्त्रालयका महाशाखा/शाखा तथा अन्य सम्बन्धित निकायसँग सम्पर्क र समन्वयको कार्य गर्ने ।
- सचिवालयमा प्राप्त कागजातहरूको अभिलेख राखी भए गरेका आदेश बमोजिम सम्बन्धित निकायमा पठाउने।
- मन्त्रालयको वैठकहरुको उपयुक्त व्यवस्थापन, निर्णय प्रमाणिकरण, बैठकका निर्णय कार्यान्वियनका लागि सम्बन्धित महाशाखा/शाखा तथा निकायहरूलाई जानकारी गराउने तथा निर्णय पुस्तिकाको सुरक्षा गर्ने ।
- प्रदेश सचिवको अध्यक्षतामा गठित समिति/ उपसमितिहरूको वैठकहरुको उपयुक्त व्यवस्थापन गर्ने, आवश्यता अनुसार निर्णय प्रमाणिकरण, निर्णय प्रतिलिपी तयार, बैठकका निर्णय कार्यान्वियनका लागि निर्णय उतार गरि सम्बन्धित महाशाखा/शाखा तथा निकायहरूलाई जानकारी गराउने तथा निर्णय पुस्तिकाकाको सुरक्षा गर्ने ।
- प्रदेश सचिवका तर्फबाट गरिनुपर्ने सिफारिसहरूका सम्बन्धमा सम्बन्धित महाशाखा/ शाखा वा निकायहरूसँग सम्पर्क र समन्वय गरी गर्ने व्यवस्था मिलाउने ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी:

| क्र.सं. | सचिवालय/महाशाखा/शाखा | कर्मचारीको नाम | पद |
|---|---|---|---|
| क | माननीय मन्त्रीज्यूको सचिवालय | गणेश भुजेल | नायब सुब्बा |
| ख | श्रीमान सचिवज्यूको सचिवालय | केशव भण्डारी | सहायक पाँचौ |
| १. | बजेट तथा कार्यक्रम महाशाखा | शशि भट्टराई | उपसचिव |
| १.१ | बजेट तथा कार्यक्रम शाखा | देशबन्धु श्रेष्ठ | अधिकृत आठौ |
| | | अशेष खडका | अधिकृत सातौ |
| | | विवेक कुमार सुनार(खडका) | अधिकृत सातौ |
| १.२ | प्रादेशिक योजना तथा अनुगमन शाखा | विमोचन घिमिरे | अधिकृत सातौ |
| | | रबिता कार्की | अधिकृत सातौ |
| २. | प्रशासन महाशाखा | लक्ष्मी कुमार रिमाल | उपसचिव |
| २.१ | कर्मचारी प्रशासन शाखा | अम्विर न्यौपाने | अधिकृत छैठौ |
| | | केशव भण्डारी | सहायक पाचौ |

| क्र.सं. | सचिवालय/महाशाखा/शाखा | कर्मचारीको नाम | पद |
|---|---|---|---|
| २.२ | कानुन तथा फैसला कार्यान्वयन शाखा | अद्वैत बराल | कानुन अधिकृत |
| २.३ | आर्थिक प्रशासन शाखा | होमनाथ रिजाल | लेखा अधिकृत |
| | | मिना तिम्लसिना | सह-लेखापाल |
| ३. | वित्त व्यवस्थापन महाशाखा | लक्ष्मी कुमार रिमाल | उपसचिव |
| ३.१ | राजश्व व्यवस्थापन शाखा | रेनुका चित्रकार | अधिकृत आठौं |
| ३.२ | विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा | - | - |
| ३.३ | सुचना प्रविधि शाखा | - | - |
| | | - | - |
| ४. | वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा | शशि भट्टराई | उपसचिव |
| ४.१ | आर्थिक विशलेषण शाखा | - | - |
| ४.२ | वित्तीय क्षेत्र व्यवस्थापन शाखा | - | - |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

सुचनाको हक सम्बन्धी ऐन तथा नियममा भएको व्यवस्था बमोजिम ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. निर्णय प्रक्रिया सम्बन्धमा।

विषयगत मन्त्रालय/निकायहरु, लगायत अन्य सरोकारवाला निकायहरुबाट प्राप्त पत्रहरु माननीय मन्त्रीज्यू वा कार्यालय प्रमुख (श्रीमान सचिवज्यू) बाट तोकादेश भएबमोजिम सम्बन्धित महाशाखा/शाखा मार्फत कार्यान्वयनको प्रक्रिया अगाडि बढाईने।

### ख. निर्णय गर्ने अधिकारी।

- माननीय आर्थिक मामिला तथा योजना मन्त्रीस्तरबाट।
- अख्तियारी बमोजिम सचिवस्तरबाट।
- अख्तियारी बमोजिम उपसचिवस्तरबाट ।

## ८.निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- कार्यालय प्रमुख: श्री महेश आचार्य

## ९. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्पादन भएका कार्यहरु (तेस्रो चौमासिक अवधि)

### क. बजेट तथा कार्यक्रम शाखा

- प्रदेश सरकारका विषयगत मन्त्रालय/निकाय/आयोग हरुसँग आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेट तर्जुमाका सम्बन्धमा मिति २०७८/१२/२२ गते पुर्व बजेट छलफल कार्यक्रम सम्पन्न गरिएको।
- आर्थिक वर्ष २०७९/८० को बजेट, मध्यमकालीन खर्च संरचना, बजेट वक्तव्य, प्रदेश विनियोजन ऐन, आय व्यय अनुमानको विवरण तथा विषयगत मन्त्रालय/निकायबाट कार्यान्वयन हुने कार्यक्रमहरुको एकीकृत कार्यक्रम विवरण तयार गरिएको।
- शाखाको कार्य विवरण अनुसार विषयगत मन्त्रालय/निकायहरुको अनुरोधमा आवश्यकताअनुसार रकमान्तर/कार्यक्रम संशोधन/नयाँ निर्माण भएका कानूनमा राय/सहमति/सहजिकरण लगायतका कार्य गरिएको।
- आगामी आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धी अख्तियारी तथा मार्गदर्शन तयार गरि सम्बन्धित निकायमा प्रेषित गरिएको।

### ख. प्रादेशिक योजना तथा अनुगमन शाखा

- आर्थिक वर्ष २०७८/७९ को वित्तीय हस्तान्तरण अन्तर्गत समानिकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान तथा सशर्त अनुदानको चौथो किस्ता बापतको रकम प्रदेश भित्रका सम्पूर्ण स्थानीय तहमा निकासाका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अख्तियारी प्रदान गरिएको।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेश भित्रका स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण सबै स्थानीयतहमा प्रेषित गरिएको।
- गत आर्थिक वर्ष २०७७/७८ मा हस्तान्तरण भएका आयोजना/कार्यक्रमहरु कोभिड-१९ का कारण सम्पन्न हुन नसकी अधुरा रहेको हुनाले सोको दायित्व व्यवस्थापनका लागि दोस्रो चरणमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयानुसार सम्बन्धित स्थानीय तहहरुमा थप सशर्त अनुदान वापत कुल रु. २ करोड ९३ लाख ०२ हजार प्रदान गरिएको।
- नेपाल सरकार राष्ट्रिय योजना आयोग सँगको सहकार्यमा सञ्चालित विशेष तथा समपूरक अनुदान सम्बन्धी विद्युतीय प्रणाली http://bagamati.csgrants.gov.np/ मारफत प्रस्ताव भएका समपुरक तथा विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरु छनौट गरि अन्तरसरकारी वित्तीय हस्तान्तरण पुस्तिका प्रकाशन गरिएको।

- प्रदेश सशर्त अनुदान समबन्धी (पहिलो संशोधन कार्यविधि, २०७९) बमोजिम विषयगत मन्त्रालयहरुबाट सिफारिस भई प्राप्त भएका सशर्त अनुदानका आयोजना तथा कार्यक्रमहरु स्वीकृत गरिएको।
- आर्थिक वर्ष २०७८/७९ को मन्त्रालयगत प्रगति विवरण(चैत्र मसान्तसम्मको) तयार गरी प्रदेश सभामा पेश गरिएको।
- बागमती प्रदेश भित्रका स्थानीय तहमा आर्थिक वर्ष २०७९/८० मा कार्यान्वयन हुने गरि स्वीकृत अन्तरसरकारी वित्तीय हस्तान्तरणका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनका सम्बन्धमा अख्तियारी तथा मार्गदर्शन सम्बन्धित स्थानीय तहहरुमा प्रेषित गरिएको।

### ग. राजश्व व्यवस्थापन शाखा

- राजश्व परामर्श समिति २०७८।१२।०८ को मन्त्रीस्तरीय निर्णयानुसार गठन भई राजश्व परामर्श समितिको प्रतिवेदन तयार गरिएको ।
- आर्थिक वर्ष २०७९/८० मा लागु हुने करका दर तथा दायराका सम्बन्धमा विभिन्न उपसमितिहरु तथा सरोकारवाला निकायहरुसँग छलफल गरि प्रदेश आर्थिक ऐन, २०७९ तर्जुमा गरिएको।

**सवारी साधन करको बाँडफाँट**

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट आ.ब. २०७८।७९ का लागि बागमती प्रदेश सरकारबाट स्थानीय सरकारलाई हस्तान्तरण हुने सवारी साधन करको बाँडफाँटको हिस्साको सिफारिश बमोजिम २०७९ असार २० गतेसम्मको तपसील बमोजिमको रकम बाँडफाँट गरिएको ।

**तपसील:** **रकम रु. हजारमा**

| क्र.सं. | अवधि | संकलन | बाँडफाँट | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय |
| १ | साउन-भाद्र | २१,९४,४११.२७ | १३,१६,६४६.७६ | ८,७७,७६४.५० |
| २ | असोज- कार्तिक | १८,९०,४२०.७० | ११,३४,२५२.४२ | ७,५६,१६८.२८ |
| ३ | मंसिर-पौष | १९,८२,४५३.७१ | ११,८९,४७२.२३ | ७,९२,९८१.४८ |
| ४ | माघ-फाल्गुन | १३,९०,७८४.८९ | ८,३४,४७०.९४ | ५,५६,३१३.९५ |
| ५ | चैत्र-बैशाख | १२,८७,७९९.२१ | ७,७२,६७९.५३ | ५,१५,११९.६८ |
| ६ | ज्येष्ठ-असार २० सम्म | ६,९१,४३९.८६ | ४,१४,८६३.९१ | २,७६,५७५.९४ |
| | **कुल जम्मा** | **९४,३७,३०९.६४** | **५६,६२,३८५.७९** | **३७,७४,९२३.८३** |

## राजश्व छुट

- आर्थिक ऐन, २०७८ को दफा २ को अनुसूची १ को खण्ड ग विविध तर्फको सि.नं. १५ मा व्यवस्था भए बमोजिम देहाय सहकारी संस्थालाई रजिष्ट्रेशन शुल्क छुटका लागि सम्बन्धित मालपोत कार्यालयहरुमा पत्राचार गरिएको।

| सि.नं. | सहकारी संस्थाको नाम | ठेगाना | निर्णय मिति |
|---|---|---|---|
| १ | श्रीद बचत तथा ऋण सहकारी संस्था लिमिटेड | गोकर्णेश्वर | २०७८.१२.१५ |
| २ | सम्झना बहुमुखी सहकारी संस्था लिमिटेड | काठमाडौ | २०७८.१२.१५ |
| ३ | भिन्तुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड | काठमाडौ | २०७८.१२.२३ |
| ४ | निलगिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड | चितवन | २०७८.१२.३० |
| ५ | रामकोट बचत तथा ऋण सहकारी संस्था लिमिटेड | धादिङ | २०७९.०२.२९ |
| ६ | मनहरी समृद्ध बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | मनहरी | २०७९.१.१३ |
| ७ | घरपरिवार बचत तथा ऋण सहकारी संस्था लिमिटेड | भक्तपुर | २०७९.३.१६ |
| ८ | जनप्रिय बचत तथा ऋण सहकारी संस्था लिमिटेड | टोखा | २०७९.३.२४ |
| ९ | प्राकृतिक पर्यटन सहकारी संस्था लिमिटेड | ललितपुर | २०७९.३.२९ |

## घ. वित्तीय क्षेत्र व्यवस्थापन शाखा

### सहुलियतपूर्ण ऋण लगानी तर्फ

- चालु आ.व. २०७८/७९ को बजेट वक्तव्यको बुदा नं. ३७ मा भएको व्यवस्था बमोजिम ऋण लगानीका लागि कुल रु. २ अर्ब विनियोजन गरिएको। सो कार्यक्रम कार्यान्वयनका लागि उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७८ तर्जुमा गरिएको।

- कृषि विकास बैंकलाई ५० करोड निकासा भएकोबाट २०७९ असार २५ गतेसम्म ४८४ जनालाई ४५ करोड ६१ लाख ५५ हजार ऋण लगानी भएको प्रतिवेदन प्राप्त भएको ।
- साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लाई ८० करोड निकासा भएकोमा २०७९ असार मसान्तसम्म ३,१५३ जनालाई ८० करोड १३ लाख ७५ हजारऋण लगानी भएको प्रतिवेदन प्राप्त भएको।

## ङ. आर्थिक विश्लेषण शाखा

- विषयगत मन्त्रालय/निकायहरु तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरि बागमती प्रदेश आर्थिक सर्वेक्षण, आ.व.२०७८/७९ प्रकासन गरिएको।

## च. प्रशासन शाखा

- मन्त्रालयको नयाँ भवन निर्माण कार्य सम्पन्न भएको।
- आर्थिक प्रशासनमा कार्यरत कर्मचारीहरुको काज, थप जिम्मेवारी, सरुवा लगायतका कार्यहरु गरिएको।
- वार्षिक बजेट तर्जुमासँगै प्रकाशन हुने विभिन्न पुस्तकहरुको छपाई सम्बन्धी कार्य गरिएको।
- नियमित रुपमा कार्यालय व्यवस्थापन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यहरु गरिएको।
- कर्मचारी क्षमता विकास सम्बन्धी तालिम सञ्चालन भएको।

## छ. कानुन तथा फैसला कार्यान्वयन शाखा

- शाखामा प्राप्त भएका फाइलहरूमा कानूनी राय प्रदान गर्ने कार्य (प्रदेश सरकार समेतको लगानीमा कृषि औजार कारखाना स्थापना गर्ने विषय, प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६ को प्रस्तावित संशोधन सम्बन्धी विषय),
- मन्त्रालयबाट मस्यौदा भएको प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७८ को तर्जुमामा समन्वय गर्ने कार्य,
- यस मन्त्रालयलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा दायर भएको भुवनेश्वर महतो समेत विपक्षी आर्थिक मामिला तथा योजना मन्त्रालय समेत (०७८-WO-१३११) मुद्दामा लिखित जवाफ तयार पारी मुख्य न्यायाधिवक्ता कार्यालय मार्फत उक्त मुद्दामा प्रतिरक्षा गराउने व्यवस्था गर्ने कार्य,
- प्रदेश सभामा भएको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धी छलफलमा मन्त्रालयको तर्फबाट उपस्थित भई आवश्यक सूचना तथा प्रदेश सभाका माननीय सदस्यहरूको अभिव्यक्ति टिपोट गर्ने कार्य,
- प्रदेश आर्थिक ऐन, २०७९ तथा विनियोजन ऐन, २०७९ को तर्जुमा सम्बन्धी कार्य

## ज. सुचना/प्रविधि शाखा

- केन्द्रिकृत विद्युतीय हाजिरी प्रणाली(Centralized E- Attendance system) मा कर्मचारीहरुको विदा हाजिरी विवरण प्रविष्टि गरि व्यवस्थापन गरिएको।
- मन्त्रालयको वेवसाईटमा सुचना अद्यावधिक गरिएको।

## १०. प्रवक्ता र सुचना अधिकारीको विवरण:

### प्रवक्ताको विवरणः



नामः शशि भट्टराई

पदः उप-सचिव

महाशाखा: बजेट तथा कार्यक्रम महाशाखा,

वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा

सम्पर्क नं.: ०५७-५२७५२०

### सूचना अधिकारीको विवरणः



नामः रबिता कार्की

पदः शाखा अधिकृत

शाखाः प्रादेशिक योजना तथा अनुगमन शाखा

सम्पर्क नं.: ०५७-५२७५२०

## ११. सुचना माग सम्बन्धी कार्यालयमा प्राप्त निवेदनः

यस प्रतिवेदनको अवधि (२०७८ चैत्र देखि २०७९ असार मसान्तसम्म) लिखित निवेदन प्राप्त नभएको।

## १२. मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिकाहरुको विवरण:

### क. ऐन

- प्रदेश आकस्मिक कोष ऐन, २०७४
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
- कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५
- प्रदेश वित्तीय व्यवस्थानपन सम्बन्धी ऐन, २०७५
- प्रदेश कार्यसञ्चालन कोष ऐन, २०७५
- प्रदेश सार्वजनिक, नीजि, सहकारी तथा साझेदारी ऐन, २०७६
- प्रदेश विनियोजन ऐन,२०७८
- प्रदेश आर्थिक ऐन, २०७८

- प्रदेश विनियोजन ऐन, २०७९
- प्रदेश आर्थिक ऐन, २०७९

**ख. नियमावली**

- प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६
- प्रदेश भ्रमण खर्च नियमावली, २०७७

**ग. कार्यविधि**

- प्रदेश संचित कोष सञ्चालन कार्यविधि, २०७४
- प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६
- प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७
- प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७
- उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७८
- प्रदेश सशर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९

**घ. आदेश/निर्देशिका/मापदण्ड**

- सरकारी सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४
- प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८
- प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८
- प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८

## १३. अन्य कार्यहरु

**आर्थिक वर्ष २०७८/७९ मा मन्त्रालयबाट भएका प्रकाशनहरु:**

- मन्त्रालयगत वार्षिक प्रगति विवरण, आ.व.२०७७/७८
- स्वीकृत वार्षिक कार्यक्रम कार्ययोजना, आ.व.२०७८/७९
- उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियत पुर्ण ऋण लगानी कार्यविधि, २०७८
- अर्धवार्षिक मुल्याङ्कन प्रतिबेदन, २०७८/७९
- प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८
- प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८
- प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८
- प्रदेश सशर्त अनुदान सम्बन्धि कार्यविधि, २०७९
- मन्त्रालयगत प्रगति विवरण(चैत्र मसान्तसम्मको), आ.व.२०७८/७९
- बागमती प्रदेश आर्थिक सर्वेक्षण, २०७८/७९
- प्रदेश विनियोजन ऐन, २०७९
- प्रदेश आर्थिक ऐन, २०७९
- आ.व.२०७९/८० को आय व्यय अनुमानको विवरण

- बजेट बक्तव्य, २०७९/८०
- मध्यमकालीन खर्च संरचना, २०७९/८०
- कार्यक्रम विवरण, २०७९/८०
- अन्तरसरकारी वित्त हस्तान्तरण, २०७९/८०
- राजस्व परामर्श समितिको प्रतिवेदन, २०७९

## १४. मन्त्रालयको वेवसाईट तथा ई-मेल:

प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाईट तथा ईमेल निम्नअनुसार रहेको छ।
वेवसाईट: **moeap.bagamati.gov.np**
ई-मेल: **moeap@bagamati.gov.np**
माथि उल्लेखित वेवसाईटमा यस कार्यालयसँग सम्बन्धित सम्पुर्ण सुचना तथा जानकारी एवं नीति नियमहरु उपलब्ध रहेका छन।

## १५. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### क. आर्थिक वर्ष २०७८/७९ को बजेट विनियोजन र खर्च विवरण

रकम रु. करोडमा

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | २६०१.६६ | १५९७.१४ | ६१.३८ |
| पुँजिगत तर्फ | २९७०.४३ | २१०१.२८ | ७०.७३ |
| वित्तीय व्यवस्था तर्फ | २००.०० | १३०.०० | ६५.०० |
| कुल बजेट | **५७७२.०९** | **३८२८.४३** | ६६.३२ |

### ख. आर्थिक वर्ष २०७८/७९ को आय विवरण

रकम रु.करोडमा

| स्रोत | अनुमान | संकलन/प्राप्ती | प्रतिशत |
|---|---|---|---|
| राजस्व बाँडफाँट | २६९९.३० | २६२०.२१ | ९७.०७% |
| अन्तरसरकारी वित्त हस्तान्तरण | १६९२.६८ | १५६७.८७ | ९२.६३% |
| आन्तरिक राजस्व- अन्य राजस्व वेरुजु, निकासा फिर्ता आदी समेत | ४७०.१० | ६६१.२३ | १४१.६५% |
| नगद मौज्दात | ९१०.०० | २३३४.६५ | २५६.५५% |
| **जम्मा आय** | **५७७२.०९** | **७१८३.९६** | १२४.४५% |

### ग. मन्त्रालयको वार्षिक बजेट र खर्च विवरण

आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्मको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

**रकम रु. करोडमा**

| क्र.सं. | कार्यालयको नाम | खुद बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुजीगत | जम्मा |
| १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३०.३२ | १.८७ | ३२.१९ | २३.९६ | ०.९८ | २४.९३ | ७९.०२ | ५२.४१ | ७७.४५ |
| २ | प्रदेश लेखा नियन्त्रक कार्यालय | २.८६ | ०.५९ | ३.४५ | २.२३ | ०.३६ | २.६० | ७७.९७ | ६१.०२ | ७५.३६ |
| **जम्मा** | | **३३.१९** | **२.४६** | **३५.६४** | **२६.१९** | **१.३४** | **२७.५३** | **७८.९१** | **५४.४७** | **७७.२४** |

## क. खर्च शीर्षक अनुसार मन्त्रालयको खर्च विवरण(चैत्रदेखि असार मसान्तसम्म )

तालिका-१

आर्थिक मामिला तथा योजना मन्त्रालय

कार्यालय कोड नं.: ३०५००३२०१३

खर्चको फाटवारी

असार महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक बर्षः-** २०७८/७९

रकम रु.मा

**बजेट उपशीर्षक :** आर्थिक मामिला तथा योजना मन्त्रालय[३०५०००११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | २,६७,७६,०००.०० | १,३५,२१,०९६.७६ | १,२३,७५,८८४.२६ | ११,४५,२१२.५० | १,३५,२१,०९६.७६ | ० | १,३५,२१,०९६.७६ | १,३२,५४,९०३.२४ |
| २११२१ | पोशाक | ४,७०,०००.०० | ३,१०,०००.०० | ३,००,०००.०० | १०,०००.०० | ३,१०,०००.०० | ० | ३,१०,०००.०० | १,६०,०००.०० |
| २११३२ | महंगी भत्ता | ११,२८,०००.०० | ४,९०,०००.०० | ४,४६,०००.०० | ४४,०००.०० | ४,९०,०००.०० | ० | ४,९०,०००.०० | ६,३८,०००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ८,१६,०००.०० | १,५६,०००.०० | १,५६,०००.०० | ० | १,५६,०००.०० | ० | १,५६,०००.०० | ६,६०,०००.०० |
| २११३९ | अन्य भत्ता | २५,०००.०० | ५,०००.०० | ५,०००.०० | ० | ५,०००.०० | ० | ५,०००.०० | २०,०००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १,००,०००.०० | ० | ० | ० | ० | ० | ० | १,००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २,२६,०००.०० | ९८,०००.०० | ८९,२००.०० | ८,८००.०० | ९८,०००.०० | ० | ९८,०००.०० | १,२८,०००.०० |

आर्थिक मामिला तथा योजना मन्त्रालय

कार्यालय कोड नं.: ३०५००३२०१३

खर्चको फाटवारी

असार महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्षः-** २०७८/७९

**रकम रु.मा**

**बजेट उपशीर्षक :** आर्थिक मामिला तथा योजना मन्त्रालय[३०५०००११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २२१११ | पानी तथा बिजुली | १३,४१,०००.०० | ७,३५,०४४.३० | ६,३७,४३२.३० | ९७,६१२.०० | ७,३५,०४४.३० | ० | ७,३५,०४४.३० | ६,०५,९५५.७० |
| २२११२ | संचार महसुल | ७,५६,०००.०० | २,०५,२५७.०० | २,०१,६१७.०० | ३,६४०.०० | २,०५,२५७.०० | ० | २,०५,२५७.०० | ५,५०,७४३.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | १,९८,०००.०० | ४९,१७३.०० | ४७,६७३.०० | १,५००.०० | ४९,१७३.०० | ० | ४९,१७३.०० | १,४८,८२७.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १५,१२,०००.०० | १०,२२,५०१.५२ | ८,६८,३६१.५२ | १,५४,१४०.०० | १०,२२,५०१.५२ | ० | १०,२२,५०१.५२ | ४,८९,४९८.४८ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १६,२०,०००.०० | १३,२४,९०५.२६ | ९,२२,१९७.२६ | ४,०२,७०८.०० | १३,२४,९०५.२६ | ० | १३,२४,९०५.२६ | २,९५,०९४.७४ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ५,०७,०००.०० | ३,१८,५८७.७९ | ३,१८,५८७.७९ | ० | ३,१८,५८७.७९ | ० | ३,१८,५८७.७९ | १,८८,४१२.२१ |

आर्थिक मामिला तथा योजना मन्त्रालय

कार्यालय कोड नं.: ३०५००३२०१३

खर्चको फाटवारी

असार महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्षः-** २०७८/७९

**रकम रु.मा**

**बजेट उपशीर्षक :** आर्थिक मामिला तथा योजना मन्त्रालय[३०५०००११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २,७५,०००.०० | २,५३,२५०.५० | २,०५,८२९.५० | ४७,४२१.०० | २,५३,२५०.५० | ० | २,५३,२५०.५० | २१,७४९.५० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४,९०,०००.०० | ४,६७,३७३.०० | ४,६७,३७३.०० | ० | ४,६७,३७३.०० | ० | ४,६७,३७३.०० | २२,६२७.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३०,००,०००.०० | २१,००,२१९.९५ | १६,५७,९७६.९५ | ४,४२,२४३.०० | २१,००,२१९.९५ | ० | २१,००,२१९.९५ | ८,९९,७८०.०५ |

आर्थिक मामिला तथा योजना मन्त्रालय

कार्यालय कोड नं.: ३०५००३२०१३

खर्चको फाटवारी

असार महिनाको

म. ले. प. फा. न. २१०

आर्थिक बर्षः- २०७८/७९

रकम रु.मा

बजेट उपशीर्षक : आर्थिक मामिला तथा योजना मन्त्रालय[३०५०००११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १,५६,०००.०० | ६१,७२५.०० | ४३,२२५.०० | १८,५००.०० | ६१,७२५.०० | ० | ६१,७२५.०० | ९४,२७५.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २०,८५,०००.०० | ४,८५,५३०.०० | ४,३६,८६५.०० | ४८,६६५.०० | ४,८५,५३०.०० | ० | ४,८५,५३०.०० | १५,९९,४७०.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ९,६०,०००.०० | ० | ० | ० | ० | ० | ० | ९,६०,०००.०० |
| २२४१३ | करार सेवा शुल्क | ४०,५३,०००.०० | ३७,३६,२३६.०० | ३२,६६,६३६.०० | ४,६९,६००.०० | ३७,३६,२३६.०० | ० | ३७,३६,२३६.०० | ३,१६,७६४.०० |
| २२४१९ | अन्य सेवा शुल्क | १,००,०००.०० | २६,१४५.०० | १६,९४५.०० | ९,२००.०० | २६,१४५.०० | ० | २६,१४५.०० | ७३,८५५.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ४,५०,०००.०० | २,१०,९००.०० | ० | २,१०,९००.०० | २,१०,९००.०० | ० | २,१०,९००.०० | २,३९,१००.०० |

आर्थिक मामिला तथा योजना मन्त्रालय

कार्यालय कोड नं.: ३०५००३२०१३

खर्चको फाटवारी

असार महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्षः-** २०७८/७९

**रकम रु.मा**

**बजेट उपशीर्षक :** आर्थिक मामिला तथा योजना मन्त्रालय[३०५०००११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २२५२२ | कार्यक्रम खर्च | ४,९८,६५,०००.०० | ९६,५३,७०५.२४ | ४५,०१,७३०.२४ | ५१,५१,९७५.०० | ९६,५३,७०५.२४ | ० | ९६,५३,७०५.२४ | ४,०२,११,२९४.७६ |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ९,६०,०००.०० | ५,२९,२८५.०० | ४,८६,०८५.०० | ४३,२००.०० | ५,२९,२८५.०० | ० | ५,२९,२८५.०० | ४,३०,७१५.०० |
| २२६१२ | भ्रमण खर्च | २१,३८,०००.०० | १५,४७,०८३.०० | ४,३४,९७५.०० | ११,१२,१०८.०० | १५,४७,०८३.०० | ० | १५,४७,०८३.०० | ५,९०,९१७.०० |
| २२७११ | विविध खर्च | १६,६०,०००.०० | ७,२९,२६४.०० | ६,८०,९२४.०० | ४८,३४०.०० | ७,२९,२६४.०० | ० | ७,२९,२६४.०० | ९,३०,७३६.०० |
| २६४२१ | सरकारी निकाय, समिति, बोर्ड — पुँजीगत निःशर्त अनुदान | २०,००,००,०००.०० | २०,००,००,०००.०० | २०,००,००,०००.०० | ० | २०,००,००,०००.०० | ० | २०,००,००,०००.०० | ० |
| २८१४२ | घर भाडा | १५,७२,०००.०० | १५,७१,८८०.०० | ११,४६,९१०.०० | ४,२४,९७०.०० | १५,७१,८८०.०० | ० | १५,७१,८८०.०० | १२० |
| **कुल जम्मा** | | **३०,३२,३९,०००.०** | **२३,९६,०८,१६२.३** | **२२,९७,१३,४२७.८** | **९८,९४,७३४.५०** | **२३,९६,०८,१६२.३२** | **०** | **२३,९६,०८,१६२.३२** | **६,३६,३०,८३७.६८** |

# तालिका - २

आर्थिक मामिला तथा योजना मन्त्रालय

कार्यालय कोड नं.: ३०५००३२०१३

खर्चको फाटवारी

असार महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्षः-** २०७८/७९ **रकम रु.मा**

**बजेट उपशीर्षक :** आर्थिक मामिला तथा योजना मन्त्रालय[३०५०००११४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१११२ | गैर आवासिय भवन निर्माण/खरिद | ९०,००,०००.०० | ६३,५९,३८५.५२ | ० | ६३,५९,३८५.५२ | ६३,५९,३८५.५२ | ० | ६३,५९,३८५.५२ | २६,४०,६१४.४८ |
| ३११२१ | सवारी साधन | ५,००,०००.०० | ० | ० | ० | ० | ० | ० | ५,००,०००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | २४,५०,०००.०० | १६,७९,३२१.५० | ६,११,४७१.५० | १०,६७,८५०.०० | १६,७९,३२१.५० | ० | १६,७९,३२१.५० | ७,७०,६७८.५० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३७,६५,०००.०० | १५,९०,०९०.५० | ५,५४,६८९.५० | १०,३५,४०१.०० | १५,९०,०९०.५० | ० | १५,९०,०९०.५० | २१,७४,९०९.५० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | २४,००,०००.०० | ० | ० | ० | ० | ० | ० | २४,००,०००.०० |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५,००,०००.०० | ० | ० | ० | ० | ० | ० | ५,००,०००.०० |

आर्थिक मामिला तथा योजना मन्त्रालय

कार्यालय कोड नं.: ३०५००३२०१३

खर्चको फाटवारी

असार महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक बर्षः-** २०७८/७९

रकम रु.मा

**बजेट उपशीर्षक :** आर्थिक मामिला तथा योजना मन्त्रालय[३०५०००११४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | १,००,०००.०० | ९३,७९०.०० | ० | ९३,७९०.०० | ९३,७९०.०० | ० | ९३,७९०.०० | ६,२१०.०० |
| **कुल जम्मा** | | **१,८७,१५,०००.००** | **९७,२२,५८७.५२** | **११,६६,१६१.००** | **८५,५६,४२६.५२** | **९७,२२,५८७.५२** | **०** | **९७,२२,५८७.५२** | **८९,९२,४१२.४८** |

१६. आर्थिक वर्ष २०७९/८० को आय तथा व्ययको विवरण।

**क. आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेट** **रु. करोडमा**

| बजेट | विनियोजन |
|---|---|
| चालु तर्फ | १९०२.४१ |
| पुँजिगत तर्फ | ४१५६.२४ |
| वित्तीय हस्तान्तरण तर्फ(स्थानीय तह) | ८३५.२७ |
| वित्तीय व्यवस्था तर्फ | २००.०० |
| **कुल बजेट** | **७०९३.९२** |

**ख. आर्थिक वर्ष २०७९/८० को स्रोतगत राजस्व/प्राप्ती अनुमान** **रु.करोडमा**

| शीर्षक | रकम |
|---|---|
| राजस्व बाँडफाँटवाट प्राप्त | २८४५.४९ |
| संघ अनुदान | २१०६.८७ |
| आन्तरिक राजस्व- अन्य राजस्व वेरुजु, निकासा फिर्ता आदी समेत | ५७९.५१ |
| विविध प्राप्ती- नगद मौज्दात | १५६२.०० |
| **कुल जम्मा** | **७०९३.९२** |

**..............................................समाप्त..............................................**